**आदरणीय अभिभावकज्यू,**

**बिद्यालयले नर्सरी देखी कक्षा १२ सम्मको अनलाइन कक्षा सञ्चालन गरिराखेको कुरा यहाँहरूलाई अवगत नै छ।** त्यसैगरी, **नर्सरी देखी १० सम्मको गृहकार्य** पनि नियमित रुपमा यहाँहरूलाई उपलब्ध गराइरहेको कुरा पनि जानकारी गराउन चाहन्छौं । बिद्यालयको वेबसाइट **www.riviera.edu.np** मा प्रत्येक दिन बिहान ८:०० बजे सम्ममा उक्त दिनको लागि होमवर्क अपलोड गरिने कुरा पनि अवगत गराउन चाहन्छौं । अभिवावकज्यूहरूले आफ्ना नानीबाबुलाई गृहकार्य गर्न लगाइ सुरक्षित रुपमा राखिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

अनलाइन कक्षा सहज रुपमा सञ्चालन गर्नका निमित्त प्रत्येक कक्षाको फेसबुक मेसेन्जर ग्रुप निर्माण गरिएको कुरा जानकारी गराउन चाहन्छौं। त्यसमा सम्मिलित हुन बिद्यालयको फेसबुक एकाउन्ट **Riviera Int'l** लाई **Friend Request** पठाउनु होला। फ्रेन्ड रिक्वेस्ट **Accept** भएपछी **Riviera Int'l** को मेसेन्जर बक्समा गएर **आफ्नो नानी/बाबुको नाम, कक्षा** उल्लेख गरिदिनुभयो भने हामी मेसेन्जर ग्रुपमा सम्मिलित गरिदिनेछौं।

त्यसैगरी, अनलाइन कक्षाको लागि आवश्यक **Access Link, ID र Password** कक्षा सुरु हुनु भन्दा आधा घण्टा अघि कक्षागत **Messenger Group** मा सेयर गरिने कुरा पनि जानकारी गराउन चाहन्छौं। कक्षा सुरु हुनु भन्दा १५ मिनेट अगाडि भर्चुअल क्लासको **Access Link, ID र Password** बिद्यालयको वेबसाइटमा पनि उपलब्ध गराइने कुरा जानकारी गराउन चाहन्छौं।

अनलाइन कक्षा सञ्चालन गर्न सहज होस भनेर कक्षा १ देखी १० सम्मको मुख्य बिषयहरूको **e-book** बिद्यालयको वेबसाइटमा राखिएको हुँदा आफ्नो नानीबाबु अध्ययन गर्ने कक्षाको किताब **download** गरी उपलब्ध गराइदिनुहुन पनि हार्दिक अनुरोध गर्दछौं।

***नोट : अनलाइन कक्षाको समय-तालिका प्रत्येक दिन बिहान बिद्यालयको वेबसाइटमा प्रकाशन गरिने कुरा पनि जानकारी गराउन चाहन्छौं।***

**विद्यालय प्रशासन**
**रिभेरा इन्टरनेसनल एकेडेमी**

**मिती २०७७ साल बैशाख ९ गते मंगलवार**